CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #१२

१।१।२०७७

भ्रामक समाचार, हल्ला र अफवाहरुले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



नेपालीहरु भारतबाट फर्किंदै

तस्बिर: दिनेश खबर




## कोरोना संकट व्यवस्थापन केन्द्र (CCMC) को संरचना

### स्वास्थ्य सेवा तथा उपचार

- स्वाब संकलन तथा परिक्षण
- स्वास्थ्यकर्मीलाई तालिम दिने (२५ जना चिकित्सक र २९ जना नर्सिंग कर्मचारीलाई तालिम दिईसकिएको )
- उपचार व्यवस्था: अस्पताल, बेड, एम्बुलेन्स

### शान्ति सुरक्षा कार्य

- सिमा नाकामा सुरक्षा तथा नियमित निगरानी गर्ने
- लकडाउनको पालना गराउने
- जोखिम/अप्ठेरोमा रहेकाहरुको उद्धार गर्ने

### आपुर्ती तथा अत्यावश्यक सेवा कार्य

- आवस्यक औषधिजन्य सामाग्रीहरु खरिद गर्ने
- आपुर्ति व्यवस्थालाई सहजिकरण गर्ने

### सूचना तथा प्रविधि कार्य

- सम्भावित बिरामीको Tracing र Tracking गर्न कल सेन्टर सञ्चालन
- विभिन्न स्रोतबाट डाटा संकलन गरी जोखिम युक्त क्षेत्रको पहिचान गर्ने
- Tracing and Tracking facilities सहितको COVID – 19 Mobile Apps को विकास
- नियमित प्रेस रिलिज
- सुरक्षा निकायबाट जिल्ला तथा स्थानीय तहमा रहेका सबै युनिटलाई दैनिक रुपमा पेट्रोलिङ र माईकिङ द्वारा सु-सुचित गर्ने

# हल्ला - तथ्य



कारोना रोकथाममा खटिने सुरक्षाकर्मीलाई थप सुविधा दिनुको साटो उल्टै सरकारले तलब काट्दैछ रे । साँचो कुरा के हो ?

नेपाल प्रहरीमा कार्यरत अधिकृत स्तरसम्मका कर्मचारीहरुले प्र.स.नि.को ३ दिन देखी प्र.म.नि. को ७ दिनसम्मको हिसाबले २०७७ साल बैशाख महिनाको तलबबाट रकम कट्टा हुने गरी कोरोना भाईरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषमा जम्मा गर्न प्रहरी प्रधान कार्यालयले निर्देशन दिएको छ । तर, कोरोना भाईरस संक्रमण, रोकथामका लागि खटिने सबै राष्ट्र सेवक कर्मचारीको शुरु तलबमानको ७५% प्रोत्साहन रकम उपलब्ध गराउने भनेर सरकारले यसअघि नै निर्णय गरिसकेको छ ।



मुख्य मुख्य अस्पतालहरुमा सरकारले कोरोनाका शंकासपद बिरामी बाहेक अरुलाई भर्ना नगर्नु भन्ने निर्देशन दियो रे । यसले गर्दा त्यो भन्दा पनि गम्भीर प्रकारका रोगका बिरामीले आकसमिक उपचार पनि पाउन छाडे भन्ने सुनिन्छ ।

आकस्मिक तथा गम्भीर सेवाहरु कोभिडका लागि मात्र भनी तोकिएका Level 1 COVID Hospital हरु (सुरुको अवस्थामा देश भरी १३ ओटा स्वास्थ्य संस्थाहरु) बाहेकका सबै स्वास्थ्य संस्थाहरुले नियमितरुपमा सञ्चालन गर्नुपर्ने छ । तर, अन्य स्वास्थ्य सम्बन्धी अभियान तथा क्याम्पहरु सञ्चालन नगर्ने र Life and limb threatening conditions बाहेक इलेक्टिभ सर्जरी भने नगर्ने भनेको छ ।



क्वारेन्टाईन, होम क्वारेन्टाईन र आईसोलेशन भनेको के हो ? अलि बुझिएन ।

विदेशबाट आएका तर कोरोनाको लक्षण नदेखिएका व्यक्तिहरुलाई सरकारले होम क्वारेन्टाईनमा बस्न अनिवार्य गरेको छ । यसरी होम क्वारेन्टाईनमा बस्न नसक्नेहरु, घर टाढा भएकाहरुलाई स्थानीय, प्रदेश र संघिय सरकारले सञ्चालन गरेका क्वारेन्टाईनमा राख्ने व्यवस्था गरिएको छ । यदि त्यहाँ बसेका कोहि व्यक्तिमा लक्षणहरु देखिनथाले, खोकि लाग्यो, ज्वरो आयो भने त्यस्ता व्यक्तिहरुलाई सम्भावित संक्रमित भनिन्छ र उनिहरुलाई अस्पतालमा व्यवस्था गरेको आईसोलेशनमा राखिन्छ । त्यसपछि परिक्षण गरेर नेगेटिभ रिजल्ट आए होम क्वारेन्टाईनमा पठाईन्छ भने, पोजेटिभ आए सोहि क्वारेन्टाईनमा उपचार गरिन्छ ।



अत्यावस्यकिय वस्तु ढुवानीका लागि सरकारले पास दिन्छ । तर लकडाउनको बेला हामीले पास लिन जिल्ला प्रशासन कार्यालयसम्म कसरी जाने ?

अत्यावस्यकिय ढुवानी जस्तै खाद्यान्न, बिरामी र मृतकको लास बोक्नको लागि जिल्ला प्रसाशन कार्यालयमा गएर पास लिन सकिने विकल्पको रुपमा नेपाल सरकार गृह मन्त्रालयले इ-पासको व्यवस्था सुरु गरेको छ । त्यसको लागि तपाई https://epass.moha.gov.np/ मा गएर पासको लागि निवेदन दिन सक्नुहुने छ । तपाईको निवेदनको अनिवार्यता र गाम्भीर्यता बुझेरमात्र जिल्ला प्रसाशन कार्यालयले पास उपलब्ध गराउने छ ।

## सूचनाका स्रोतहरु

विश्व स्वास्थ्य संगठन

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोभिड-१९ को अवस्थाअ

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपबाली | २३,११,०८८ नेपाली | ८,२५० नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| ४,४६२ संक्रमित | १,२३४ संक्रमित | १,०८७ संक्रमित | २,९७९ संक्रमित | ३,७३६ संक्रमित | ५९९ संक्रमित | ४,५३० संक्रमित | १०,५१२ संक्रमित |
| ४ नेपाली संक्रमित | ५ नेपाली संक्रमित | २२ नेपाली संक्रमित | २ नेपाली संक्रमित | १० नेपाली संक्रमित | | १ नेपाली संक्रमित | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

ShramikSanjal

## दुबई प्रहरीले जारी गरेको संक्रमण रोकथाम सम्बन्धि सचेतना

भाईरस सर्ने सबैभन्दा प्रमुख माध्यम हाम्रो हात हो । यदी हाम्रो हातमा भाईरस छ र पनि मुख सम्म जान दिएनौं भने भाईरस सर्ने सम्भावना कम हुन्छ ।

हाम्रा दुई हात मध्ये एउटा हात बढी प्रयोग हुन्छ र अर्को तुलनात्मकरुपमा कम प्रयोग हुन्छ ।
के गर्दा, कुन हातको प्रयोग गर्ने ?

### बढी प्रयोग हुने हात (प्रायको दायाँ)



हात, मुख, नाक छुन



खाना खान



लेख्न

### कम प्रयोग हुने हात (प्रायको बायाँ)



ढोका खोल्न



रुपैयाँ पैसा समाउन



अन्य सामानहरु छुन

यसो गर्दा कुनै ठाउँमा भएका भाईरसहरु हाम्रो कम चल्ने हातको सम्पर्कमा आएभने पनि हामीले त्यसलाई सिधै नाक, मुख, आँखा नछुने सम्भावना बढि हुन्छ ।

कुनै पनि चिज छोईसके पछी हातलाई साबुन पानीले २० देखी ३० सेकेन्डसम्म मिचिमिचि हात धुने गरौं । त्यो सम्भव नभए सेनिटाईजर को प्रयोग गरौं ।



सही सूचना

# कोभिड - १९ को परिक्षणमा नेपाल सरकारको प्रगती




अप्रिलको दोस्रो हप्ताबाट नेपाल कोभिड - १९ को परिक्षणलाई द्रुत गतिमा अघी बढाउन सफल भएको छ । हाल देशका ११ स्थानमा परिक्षण प्रयोगशाला स्थापना भएपछी, सुरुको अवस्था भन्दा हरेक दिन परिक्षणको दर आठ गुणाले बृद्धि भएको छ । यो आँकडा प्रयोगशाला परिक्षणको हो । यसमा र्‍यापिड डाइग्नोष्टिक टेस्टको संख्या समावेश गरिएको छैन ।

Source: HEOC, MoHP, SitRep #51-63

## बागमती प्रदेश विपद व्यवस्थापन कोष



११९ स्थानीय तह

१२.३२ करोड रुपैया



३ महानगरपालिका
६० लाख रुपैया
२० लाख रुपैया प्रति स्थानीय तह

१ उप-महानगरपालिका
१५ लाख रुपैया

४१ नगरपालिका
४.९२ करोड रुपैया
१२ लाख रुपैया प्रति स्थानीय तह

७४ गाउँपालिका
७.४ करोड रुपैया
१० लाख रुपैया प्रति स्थानीय तह

accountabilitylab NEPAL

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्टा क्टर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगको
जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाण्डौमा, भरतपुर, धुलिखेल, भैरहवा र अन्य सबै प्रादेशिक अस्पतालमा गरिन्छ । संकासपद् बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219